आज मिति २०७८ साल भाद्र २२ गते मंगलवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| का.वा.अध्यक्ष, व्यास ४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१ : निर्णयको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा ।
प्रस्ताव नं.३ : अस्पताल निर्माण प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.४ : विपद व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.५ : सामुदायिक वनहरुसँग प्रस्ताव माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६ : दमौली अस्पतालमा जग्गा थप गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७ : शाखा थप सम्बन्धमा ।
प्रस्ताव नं.८ : नगर सभाबाट विनियोजित शीर्षकहरुबाट रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९ : वडा नं.१ कार्यालय भवन आँगन सम्याउने सम्बन्धमा ।
प्रस्ताव नं.१० : सवारी पार्किङ्ग व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.११ : वैदेशिक रोजगार बोर्डको कार्यालय सामग्री व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१२ : दमौली खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई रकम उपलव्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.१३ : वेवारिसे लाख सतगतको लागि रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४ : रजिष्ट्रेशन दस्तुर छुट सम्बन्धमा ।
प्रस्ताव नं.१५ : कोभिड अस्पतालमा जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१६ : घर नक्सापास कायम सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१ :** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मिति २०७८/५/८ गते भएका निर्णयहरुको समीक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई कार्यान्वयन गर्न गराउन सम्बन्धित शाखाहरुलाई क्रियाशिल गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२ :** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा प्रशासनिक सेवा व्यवस्थापन ऐन, २०७८ बमोजिम उपप्रमुखज्यूको संयोजकत्वमा गठित कर्मचारी सेवा सुविधा पुर्नमूल्याङ्कन सम्बन्धी सुझावका आधारमा हाल सुविधा पाएका कर्मचारीको सुविधा एवं पाउनु पर्ने भनी माग भई आएका कर्मचारीहरुको विषयमा कार्यविधिमा तय गरी एकरुपता कायम गर्नका लागि विद्यमान समितिलाई कार्यविधि निर्माण गरी पेश गर्न जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.३ :** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा स्तरीय अस्पताल नभएकोले तनहुँ, गोरखा, लमजुङ्ग, कास्की जिल्लाको नागरिकलाई समेत सेवा प्रदान गर्ने उद्देश्यले व्यास नगरपालिका वडा नं.१० दुम्सी बजारमा व्यास नगर कोभिड अस्पतालसँग जोडिएको फराकचौर ८/ख, कि.नं.१०३ समेतको ऐलानी पर्ती जग्गामा स्तरीय अस्पतालको भवन पूर्वधार निर्माण एवं खरिदका लागि निम्बस फाउण्डेसन बिराटनगरसँग आर्थिक सहयोग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा विपद् अन्तर्गत घर बसोवासको समस्या, खेत कुलो संरक्षण, घर गोठ संरक्षण, बाटो संरक्षण, बाली पशुपंक्षी क्षति समेतलाई मध्यनजर गरी गतवर्ष देखिका घर निर्माण गर्नु पर्ने प्रकृया तत्काल अघि बढाउने र घर, गोठ, बाटो, कुलो, खेती योग्य जमिनको संरक्षणका लागि खरिद गरिएको जाली उपलब्ध गराई विनियोजित रकमबाट बाटाहरु पुनर्स्थापना गर्ने कार्यलाई अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.५ :** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा वन सेवा २०७५ को दफा २२ (१) बमोजिम सामुदायिक वन उपभोक्ताहरुले वन उपभोग गर्दा वार्षिक कार्य योजना अनुसार स्थानीय तहसँग समन्वय

गरी आम्दानीको ३७.५% गरिवी निवारण क्षेत्रमा खर्च गर्नु पर्ने व्यवस्था भएकाले व्यास नगरपालिका भित्र सबै सामुदायिक वनसँग २०७७/०७८ र ०७८/०७९ को कार्य योजना र २०७७/०७८ को आय विवरण वडा कार्यालय मार्फत माग गरी सहयोग र समन्वयका लागि जिल्ला वन कार्यालय तनहुँलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ :** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ दमौलीमा रहेको प्रदेश स्तरीय दमौली जिल्ला अस्पतालको स्तरीकरण एवं सेवा विस्तारका लागि जग्गा अभाव देखिएकोले गण्डकी प्रदेश मातहत कै दमौली अस्पतालसँग जोडिएको कृषि ज्ञान केन्द्रको जग्गा र भवन समेत दमौली अस्पताललाई उपलब्ध गराउन र कृषि ज्ञान केन्द्रलाई व्यास नगरपालिका वडा नं.५ मा रहेको शिक्षा तालिम केन्द्र वा हाल कृषि ज्ञान केन्द्रसँगै जोडिएको पशु अस्पताल अन्तर्गत व्यवस्थापन गर्न गण्डकी प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ :** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत भइरहेका सेवाहरुलाई व्यवस्थित गर्न निम्न लिखित शाखाहरु थप गर्ने र अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

(क) विद्यालय, बजार, सहकारी, सरसफाई, कृषि, पशु, उद्योग पर्यटन, यातायात क्षेत्रका कार्य प्रगतीको सम्बन्धित शाखासँग समन्वय गरी अनुगमन मूल्याङ्कन गर्न -अनुगमन एवं मूल्याङ्कन शाखा ।

(ख) सुरक्षित घर, वस्तीको व्यवस्थापनका लागि -घर नक्शा शाखा ।

(ग) शहरीकरणका लागि जग्गा विकास एवं विपद् व्यवस्थापनका लागि -जग्गा विकास एवं विपद् व्यवस्थापन शाखा ।

**निर्णय नं.८ :** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा नगर सभाबाट विनियोजित शीर्षकहरुबाट निम्नानुसार कार्यक्रमका लागि निम्नानुसार बजेट विनियोजन गरिएको छ ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | छाब्दी वेलीवृज वैकल्पिक अस्थायी कवजे मर्मत | १ | १,३०,०००। | मर्मत कोष |
| २. | मिलनटोल, सिर्जनशील टोल र अडमपानी टोलमा अधुरो कालोपत्रे योजना पुरा गर्ने | १ | ३,०१,०००। | ८६४ |
| ३. | सेतो गुँरास बाल प्रतियोगिता व्यवस्थापन | २ | ५०,०००। | १५४ |
| ४. | लाङ्घाली मगर समाज अधुरो भवन स्टोर निर्माण | ५ | ४,००,०००। | ८६४ |
| ५. | नागम फेदी मन्दिर गेट समेत निर्माण | ५ | १,५०,०००। | ८६४ |
| ६. | विलियर्स इस्टन चर्च एवं सामुदायिक भवन निर्माण | ६ | ३,५०,०००। | ८६४ |
| ७. | रिसिराम वाग्ले, घर छाउने टिन सहयोग | ७ | २०,०००। | ८६४ |
| ८. | क्यामिन छापथोक पर्यटन मार्ग सरसफाई | ७ | ९६,०००। | ८१० मध्येबाट |
| ९. | कालिका मार्ग सरसफाई | ७ | ८२,०००। | ८११ शिर्षक |
| १०. | तिलबहादुरको घर संरक्षण वाल निर्माण | ८ | ५०,०००। | ८६४ |
| ११. | पहिरो हटाई खानेपानी सुचारु गर्ने, चैनडाँडा | ९ | २०,०००। | ८६४ |
| १२. | सुदेखोला कजवे संरक्षण कार्य | ९ | १५०,०००। | ८६४ |
| १३. | सिद्धिभँयेर खानेपानी कुवा पहिरो हटाउने | ९ | २०,०००। | ७९४ |
| १४ | डिहीगाउँ पोखरीदेखि उत्तर तर्फ बाटो मर्मत सुधार | १० | १८०,०००। | मर्मत कोष |
| १५. | देउराली चौतरा संरक्षण एवं अन्य पूर्वाधार निर्माण | १० | ५,००,०००। | ८६४ |

| | | | | |
|---|---|---|---|---|
| १६. | कृषि उपज केन्द्र अधुरो निर्माण | १० | १०,००,०००। | ८६४ |
| १७. | सुन्धारा टोल भवन मर्मत संहार | ११ | ७५,०००। | मर्मत कोष |
| १८. | वडा कार्यालय थप निर्माण | ११ | ७,९३,०००। | ७९२ |
| १९. | जनकल्याण प्रा.वि. दरै पँधेरा वायरिङ व्यवस्थापन | ११ | १७०,०००। | ७७२ |
| २०. | ठाँटीचौतरा मर्मत सम्हार | १२ | २६,०००। | मर्मत कोष |
| २१. | गाडापानी खानेपानी मर्मत तथा पाइप खरिद | १२ | ६०,०००। | मर्मत कोष |
| २२. | भर्लारीखोला कवजे मर्मत पुनस्थापना | १२ | ३,७५,०००। | मर्मत कोष |
| २३. | वि.पि. प्राथमिक विद्यालय मर्मत संहार | १२ | २,५०,०००। | ७७२ |
| २४. | व्याडमिण्टन कोड निर्माण वेलवास | १३ | १,५०,०००। | ८६४ |
| २५. | मित्रता युवा क्लव बेलबास फुटवल ट्रेनिङ्ग | १३ | ५०,०००। | ४२ |
| २६. | प्रधानमन्त्री रोजगार अन्तर्गत | १४ | ५,००,०००। | २२५.१ |
| २७. | निर्मल नगर टोल विकास घर संरक्षण | १ | ३,००,०००। | विपद् |
| २८. | छाब्दी वाराही प्रा.वि. विद्यालय मर्मत | १२ | २,००,०००। | ७७२ |
| २९. | केशवटार नयाँगाउँ मोटर मार्ग मर्मत | १४ | २,५०,०००। | मर्मत कोष |
| ३०. | गलेखाम कोट पर्यटन प्रवर्द्धन गिती भिडियो निर्माण | ६ | २,००,०००। | ४२ |

**निर्णय नं.९** : प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ को कार्यालय भवनको आँगन सम्याउने, सर्भिस ट्रेलर निर्माण गर्ने लगायतका कामहरु गर्नका लागि लागत इष्टिमेट अनुसारको रकम रू.४,५८,०००। (चार लाख अन्ठाउन्न हजार) फुटकर योजना (शीर्षक नं.८६४) बाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१०** : प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको बहुउद्देश्यीय भवनको अण्डरग्राउण्ड पार्किङ्ग विगत वर्षमा वार्षिक भाडामा लगाइएकोमा नगरपालिका कार्यालय परिशर भित्र सवारी पार्किङ्ग अव्यवस्थित भै असहज भएकाले यस वर्ष अण्डरग्राउण्ड पार्किङ्ग भाडामा नलगाई कार्यालयका गाडीहरुका लागि व्यवस्थित पार्किङ्गको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.११** : प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा वैदेशिक रोजगार बोर्डको कार्यालय सामग्री राख्नका लागि बहुउद्देश्यीय भवनको सटर नं.११६ उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१२** : प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा दमौली खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाद्वारा मादी नदी पुल नजिक भिषण पहिरो आई पाइप बगाई खानेपानी सञ्चालनमा अवरोध भएकोले रू.१४,१९,०००। (चौध लाख उन्नाइस हजार) उपलब्ध गराई पाउँ भनी निवेदन पर्न आएकोले क्रमागत योजनाबाट रू.७,००,०००। (सात लाख) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१३** : प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका तनहुँ जिल्लाको सदरमुकाममा पर्ने नगरपालिका भएकाले जिल्ला भरबाट जिल्ला अस्पतालमा आउने बेवारिसे लास सतगत गर्ने कामदारलाई प्रति लासको रू.१९,०००।- (उन्नाइस हजार रुपैंया) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१४** : प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा कृषि तथा पशु फर्मको लागि जग्गा खरिद गर्नका लागि तपसिल बमोजिमका फर्महरुबाट मालपोत कार्यालय तनहुँमा रजिष्ट्रेशन दस्तुर छुट गर्न माग भई आएकोले सिफारिसको लागि अनुरोध गर्ने निर्णय गरियो ।

(क) मञ्जु प्रकाश एग्रो एण्ड सप्लायर्स प्रा.लि.द्वारा व्यास न.पा. ११ बस्ने काजीबाबु पन्थका नाउँमा रहेको साविक फराकचौर ९/क कि.नं. ९३० ज.रो.२-६-१-३ कित्ता जग्गा कृषि व्यवसाय सञ्चालन गर्नका लागि मञ्जु प्रकाश एग्रो एण्ड सप्लायर्स प्रा.लि. का नाउँमा राजिनामा रजिष्ट्रेशन पारित गरी लिन कानून बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा छुट दिन मालपोत कार्यालय तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

(ख) मनकामना कृषि तथा पशु फर्मद्वारा व्यास न.पा. ११ बस्ने उमराज नहर्कीका नाउँमा रहेको साविक फराकचौर ९/ख कि.नं. १८२८ ज.रो.१-१४-०-२ र व्यास १ बस्ने दिपक बहादुर कार्कीका नाउँमा रहेको व्यास ११ स्थित साविक फराकचौर ९/छ कि.नं. ९२३ ज.रो.०-५-०-० को कित्ता जग्गामा कृषि तथा पशुपालन सम्बन्धी व्यवसाय सञ्चालन गर्नका लागि मनकामना कृषि तथा पशु फर्मका नाउँमा राजिनामा रजिष्ट्रेशन पारित गरी लिन कानून बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा छुट दिन मालपोत कार्यालय तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

(ग) कौतिमा मल्टी एग्रो प्रा.लि. द्वारा व्यास ११ स्थित काशीलाल श्रेष्ठका नाउँमा रहेको साविक फराकचौर ९/ग कि.नं. १४१ र १४२ ज.रो.४-०-०-३ र बन्दिपुर १ बस्ने लक्ष्मी वि.क.को नाममा रहेको साविक फराकचौर ९/ग कि.नं. २८६ र २८७ का कित्ता जग्गाहरु कृषि प्रयोजनका लागि कौतिमा मल्टी एग्रो प्रा.लि. का नाउँमा राजिनामा रजिष्ट्रेशन पारित गरी लिनका लागि कानून बमोजिम लाग्ने शुल्कमा छुट दिन मालपोत कार्यालय, तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

(घ) विष्णु शान्ति बहुउद्देश्यीय कृषि फर्म प्रा.लि. द्वारा व्यास न.पा. वडा नं.५ बस्ने निम्न व्यक्तिहरुका नाउँमा रहेको निम्न कित्ता र क्षेत्रफल भएको जग्गाहरु कृषि प्रयोजनका लागि विष्णु शान्ति बहुउद्देश्यीय कृषि फर्म प्रा.लि. का नाउँमा राजिनामा रजिष्ट्रेशन पारित गरी लिन कानून बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा छुट दिन मालपोत कार्यालय तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

| सि.नं. | जग्गाधनीको नाम, थर | ठेगाना | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| १. | विष्णु शान्ति बहुउद्देश्यीय कृषि फार्म प्रा.लि. | व्यास ११ | ३३३, ४६, ४२ र ४१ | ३३३, ४६, ४२ र ४१ को पुरै |
| २. | विष्णु शान्ति बहुउद्देश्यीय कृषि फार्म प्रा.लि. | व्यास ११ | १२९४ | १२९४ पुरै |
| ३. | विष्णु शान्ति बहुउद्देश्यीय कृषि फार्म प्रा.लि. | व्यास ११ | ५६ | कि.नं. ५६ को पुरै |

**निर्णय नं.१५ :** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० स्थित दुम्सीमा निर्मित कोभिड व्यवस्थापन अस्पतालमा काम गर्नका लागि कार्यालय सहयोगीको आवश्यकता परेको हुँदा व्यास १० बस्ने शान्ती सापकोटालाई करारमा नियुक्त गरी कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं.१६ :** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्र भित्र अनियमित रुपमा बनेका घरहरुलाई नगरपालिकाको नक्सा पासको दायरा भित्र ल्याई नियमित गर्नु पर्ने हुँदा नगरपालिकाद्वारा तोकिएको शुल्क/जरिवाना लिई २०७९ आषाढ मसान्त भित्र घर कायम गराउन घर नक्सा पास उपशाखालाई आवश्यक प्रकृया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो ।